"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
प्रदेश नं.-१ नेपाल

## विद्युतीय दरभाउपत्र (E-Bid) आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।१०।२१**

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामानहरु यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा.कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण पत्र , मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्र, यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका शर्तहरुका अधिनमा रहि विद्युतीय दरभाउपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.

| ठे.न. | सामानको विवरण | इकाई | परिमाण | धरौटी /जमान रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | Computer Set (Branded) | Set | 13 | 28500.00 | |
| 2 | Printer (Branded) | Nos | 13 | | |
| 3 | Tablet (Branded) | Nos | 14 | 12500 | |

२) दरभाउ-पत्र खरिद गर्ने अन्तिम मिति, समय, र स्थान :- सूचना प्रकाशन( भएको मितिले १५औं दिन अर्थात मिति २०७८।११।०६ गते कार्यालय समय सम्म, भद्रपुर न.पा.का.मा ।

३) दरभाउ-पत्र पेश गर्ने मिति, समय, स्थान :- सूचना प्रकाशन भएको मितिले १६औं दिन अर्थात मिति २०७८/११/०८ गते दिनको १२. ०० बजे सम्म,

४) दरभाउ-पत्र फाराम खोल्ने मिति, समय र स्थान :- सूचना प्रकाशन भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/११/०८ दिनको १.०० बजे, भद्रपुर न.पा.कार्यालयमा ।

५) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

६) आफूले पेश गरेको दरभाउपत्रको दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ ।

७) दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ।

C:\Users\counter\Downloads\letters in long pad for notice_goods.doc

८) दरभाउपत्र पेश गर्दा दरभाउपत्र दस्तुर वापत न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको आन्तरिक आय खाता नं.२२१०१००३०१०१०००३ **(कार्यालय कोड नं.८०१०१११२) मा रु.१०००।०० दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्ने छ । साथै** दरभाउपत्र फाराम पेश गर्दा सो साथ कार्यालयले माग गरे अनुसारको धरौटी रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०१००३०३००००००३ **(कार्यालय कोड नं.८०१०१११२)** मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९) रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०) दरभाउपत्र स्वीकृत भएपछि नगरपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको मिति (म्याद)मा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । समयमा उपस्थित नभई सम्झौता नगरेमा यस कार्यालयमा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

११) दरभाउपत्रमा उल्लेख भए बमोजिम कम्पनी तथा ब्राण्डको मालसामान बाहेक अन्य मालसामान न.पा.ले स्वीकार गर्ने छैन ।

१२) तोकिएको समयमा तोकिएको परिमाणको उल्लेखित कम्पनी र ब्राण्डको मालसामान सप्लाई नगरेमा न.पा.ले ठेक्का तोडी धरौटी जफत गर्नेछ ।

१३) सामान आपूर्ति गर्दा लाग्ने भाडा सामान आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ ।

१४) सामानको बिल भुक्तानी गर्दा नियामनुसार रि-टेन्सनमनि वापतको रकम कट्टा गरिनेछ ।

१५) नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ । न.पा.जवाफदेही हुने छैन ।

१६) नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१७) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ ।

१८) यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१९) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

..............................
(टेककुमार खेमी)
प्रमुख प्रशासकीय अधिकृत



कार्यालय प्रमुख : ०२३-५२०७८१, नगर प्रमुख : ५२०१४८, नगर उप-प्रमुख : ५२००९४, Fax : 00977-23-520781
४ नं. वडा समितिको कार्यालय : ५२०८४३, ५ नं. वडा समितिको कार्यालय : ५२०९५९, ६ नं. वडा समितिको कार्यालय : ५२१२९०,
७ नं. वडा समितिको कार्यालय : ४५६९२७, ८ नं. वडा समितिको कार्यालय : ५२०१३८, ९ नं. वडा समितिको कार्यालय : ४५५३५९,
१० नं. वडा समितिको कार्यालय : ४५५०८२
Website: www.bhadrapurmun.gov.np E-mail : info@bhadrapurmun.gov.np